# संघीय संसद
# प्रतिनिधि सभा

**पाँचौं अधिवेशन**

**बैठक संख्या - १०**

## दैनिक कार्यसूची

२०७६ माघ २६ गते

**आइतबार**

दिनको १:०० बजे

### सन्देश टेबुल

१. "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गरिने ।

### प्रतिवेदन पेश

२. कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले "बिउ बिजन (दोस्रो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

३. मा० गृह मन्त्री श्री रामबहादुर थापाले :-

(क) "कारागार विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "कारागार विधेयक, २०७६" पेश गर्नुहुने ।

४. सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीले राष्ट्रिय सभामा उत्पत्ति भएको "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. मा० भौतिक पूर्वाधार तथा यातायत मन्त्री श्री वसन्त कुमार नेम्बाङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### शोक प्रस्ताव

६. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

> "प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित, गणतन्त्र स्थापनाका लागि संघर्षरत एवं संविधान सभा मार्फत् संविधान निर्माण कार्यमा सक्रिय नेता सिद्धार्थकुमार सोमानीको ५२ वर्षको उमेरमा मिति २०७६ साल माघ २५ गते शनिबार झापास्थित निजी निवासमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव